

फोटो: जोनाथन ल्युइस्

# आप्रवासी श्रमिकहरूलाई बेचविखनबाट बचाउन **पाँच उपायहरू**

AMNESTY INTERNATIONAL

वैदेशिक रोजगार ऐन २०६४ पूर्ण रूपमा कार्यान्वयन भएको छैन । यसका कारणले गर्दा खराव मनसाय भएका केही वैदेशिक रोजगार एजेन्सीहरूलाई आप्रवासी श्रमिकहरूलाई भुक्याउने मौका मिलेको छ भने रकम व्याजमा लगाउने व्यक्तिहरूलाई अधिक नाफा कमाउन श्रमिकहरूलाई शोषण गर्ने अवसर प्राप्त भएको छ । श्रमिकहरू उपरको शोषणको श्रृङ्खला उनीहरूले नेपाल छाड्नुभन्दा अगाडिदेखि नै प्रारम्भ हुन्छ र प्रायजसो जबरजस्ती श्रमका लागि हुने मानव वेचविखनमा गएर अन्त्य हुने गर्दछ । वर्तमान समय सबै राजनीतिक दलहरूले आप्रवासी श्रमिकहरूलाई थप संरक्षण प्रदान गर्न सक्ने किसिमको आप्रवासन सम्बन्धी नीतिलाई मुर्त रूप दिने बेला हो ।

आप्रवासी श्रमिकहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउनका लागि निम्न लिखित पाँच उपायहरू सुनिश्चित गर्न एम्नेस्टी इन्टरनेसनल सबै राजनीतिक दलहरूसँग अनुरोध गर्दछ ।

## १ वैदेशिक रोजगारीमा जान तयार गरिरहेका श्रमिकहरूलाई ठूलो ऋणको बोझबाट बचाउन

- तोकिएको सीमा भन्दा बढी ब्याज लिन नपाउने सम्बन्धी विद्यमान कानुन कार्यान्वयन गर्ने ।
- सेवाशुल्कको अत्यधिक सीमा सकेसम्म कम निर्धारण गर्ने र त्यसलाई एजेन्सीहरूले पालना गर्ने सुनिश्चित गर्ने । सरकारले तोकेको अत्याधिक सेवा शुल्कभन्दा बढी रकम अशुल गर्ने एजेन्सीलाई कडा कारवाही गर्ने ।
- आप्रवासी श्रमिकलाई न्यून व्याजदरमा ऋण दिएर सहयोग गर्ने । यसका लागि कल्याणकारी कोषको बचत रकमको प्रयोग, सरकारद्वारा ऋणकोषको स्थापना, वा सहकारी संस्थाहरूको प्रयोग गर्न सकिन्छ ।

## २ वैदेशिक रोजगार व्यवसायको नियमन गर्न

- एजेन्सीहरूले श्रमिकहरूबाट रकम लिए पछि त्यसको शीर्षकगत रसिद उपलब्ध गराउने व्यवस्था मिलाउने ।
- आचार संहिता अनुसारको व्यवहार गर्न प्रतिबद्ध वैदेशिक रोजगार एजेन्सीलाई मात्र लाइसेन्स दिने (आर्थिक आधारमा मात्र होइन) ।
- एजेन्टहरूलाई एकभन्दा बढी एजेन्सीहरूमा दर्ता हुन प्रोत्साहन गरेर र एजेन्टहरूको दर्ता शुल्क उनीहरूले नै तिर्ने व्यवस्था गरेर ।
- एजेन्टहरूलाई दिने कमिशन श्रमिकहरूबाट असुल्न नपाउने व्यवस्था गरेर ।

## ३ जसले श्रम शोषण र जबरजस्ती श्रमका लागि मानव बेचविखन गर्दछ, उसलाई पर्याप्त कारवाही सुनिश्चित गर्न

- मानव वेचविखन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रोटोकल अनुमोदन गर्ने र नेपालको

मानव वेचविखन सम्बन्धी कानुनमा श्रम शोषणका लागि गरिने वेचविखन पनि समेट्ने ।

- गैर कानुनी हिसावले गरिने जबरजस्ती वा वाध्यकारी श्रम सम्बन्धमा कानुनमा स्पष्ट व्यवस्था गर्ने, त्यस्तो कसुरका लागि आवश्यक दण्ड सजायको व्यवस्था गर्ने र त्यस कानुनको कडाइका साथ कार्यान्वयन गर्ने ।
- आप्रवासी श्रमिकहरूको वेचविखनमा संलग्नहरू र वैदेशिक रोजगार ऐनको उल्लङ्घन गर्नेहरू विरूद्धको मुद्दा हेर्न न्यायाधिकरणलाई अधिकार दिने ।
- न्यायाधिकरण लगायत अनुगमन गर्ने र वैदेशिक रोजगार सम्बन्धि उजुरी सुन्ने संयन्त्रहरूलाई थप स्रोतहरू सुनिश्चित गर्ने ।
- उजुरी गर्ने संयन्त्रहरू जिल्लातहसम्म विकेन्द्रीकृत गर्ने, कर्मचारीहरूलाई जिम्मेवार गराउने र उनीहरूलाई मानवअधिकार र श्रम अधिकारका बारेमा प्रशिक्षित गर्ने ।

## ४ वैदेशिक रोजगारीमा जान चाहने महिला विरूद्धको विभेदपूर्ण बन्देजको अन्त्य गर्ने

- महिलाहरूलाई थप जोखिममा पार्ने गरी उनीहरूको आप्रवासनमाथि लगाइएका बन्देजहरू अन्त्य गर्ने ।
- गन्तव्य मुलुकसँग गरिने श्रम सम्झौतापत्रमा मानवअधिकार र श्रम अधिकारका बारेमा उल्लेख गर्ने ।
- घरेलु श्रमिकहरूको सम्मानजनक कामको अवस्था सम्बन्धी आइएलओ महासन्धि नं. १८९ र आप्रवासी श्रमिकहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि अनुमोदन गर्ने ।

## ५ वैदेशिक रोजगार विभाग र प्रमुख गन्तव्य मुलुकहरूमा रहेका दुतावास/कन्सुलेटहरूलाई आवश्यक स्रोतको व्यवस्था गर्ने

- वैदेशिक रोजगारी सम्बन्धी सूचना एवं न्याय/क्षतिपूर्तिको संयन्त्रमा सहज पहुँच सुनिश्चित गर्न वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको क्षेत्रीय कार्यालयहरू स्थापना गर्ने ।
- वैदेशिक रोजगार ऐनमा व्यवस्था गरिए बमोजिम ५,००० जना भन्दा बढी नेपाली श्रमिकहरू कार्यरत देशमा रहेका नेपाली दुतावासमा श्रम सहचारीको नियुक्त गर्ने ।
- श्रम सहचारीहरू दक्षताको आधारमा नियुक्त हुने सुनिश्चित गर्ने, नीजलाई खासगरी श्रम शोषणका लागि गरिने मानव बेचविखन लगायतका मानवअधिकार र श्रम अधिकारका बारेमा बुझ्न सक्ने र आवश्यक कार्यगर्न सक्ने गरी प्रशिक्षित गर्ने ।
- आप्रवासी श्रमिकहरूको शोषणमा संलग्न कम्पनी विरूद्ध कार्य गर्न नेपाली दुतावास/कन्सुलेटलाई पर्याप्त स्रोत उपलब्ध गराउने ।

नेपालबाट हुने श्रमिकहरूको आप्रवासन देशको आर्थिक र राजनीतिक विषयमा सबैभन्दा बढी प्रभाव पार्ने वर्तमान विषयहरूमध्ये एक हो । हाल करिव २५ लाख नेपालीहरू विदेशमा कार्यरत रहेका छन् । प्रतिवर्ष ३,००,००० भन्दा बढी नेपालीहरू वैदेशिक रोजगारीमा जाने गर्दछन् । उनीहरूको कमाइले देशको कुल गार्हस्थ उत्पादनको २० प्रतिशत भन्दा बढी हिस्सा ओगट्दछ ।



**देशको कुल जनसंख्या**

## २ करोड ६५ लाख



**वैदेशिक रोजगारीमा रहेकाहरूको संख्या**

## २८ लाख

**परिवारका सदस्य वैदेशिक रोजगारीमा रहेकाहरूको जनसंख्या**

## ९७ लाख



**कुल जनसंख्यामध्ये वैदेशिक रोजगारीमा रहेकाहरू**

## १३.२५%

**परिवारका सदस्य वैदेशिक रोजगारीमा रहेका घरधुरी**

## ५५.८%